# स्थानीय राजपत्र


बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : २ | संख्या : ५ | मिति : २०७६/०३/०९


## भाग २

मिति २०७६।३। ९ मा स्वीकृत

# बोगटान फुडसिल गाउँपालिकामा जलस्रोतको सम्बन्धमा व्यवस्था निर्धारण बनेको नियमावली २०७६

प्रस्तावना नेपालको संविधान , स्थानीय सरकार सन्चालन ऐन , २०७४ तथा अन्य प्रचलित कानून बमोजिम स्थानीय तहलाई जलस्रोत तथा जलाधार, भूसंरक्षण, मुहान संरक्षण, खानेपानी, सिचाई, साना जलविद्युत, जल उपयोग, एवं प्राकृतिक स्रोतको उपयोग एवं व्यवस्थापान सम्बन्धमा बोगटान फुडसिल गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग संरक्षण, व्यवस्थापान र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्न, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्न, एवं जलस्रोतलाई प्रदुषण मुक्त राख्ने कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले बोगटान फुड्सील गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने, ऐन **२०७५** बमोजिम गाउँ कार्यपालिकाले बोगटान फुड्सील गाउँपालिकाको जलस्रोत नियमावली, **२०७६** जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम बोगटान फुड्सिल गाउँपालिकाको जलस्रोत नियमावली, **२०७६** रहेको छ ।

(२) यो नियमावली राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस नियमावलीमा :

(क) "जलस्रोत" भन्नाले गाउँ क्षेत्रभित्रको भू सतहमा वा भूलमगत वा अन्य जुनसुकै अवस्थमा रहेको पानी सम्झनुपर्छ ।

(ख) "लाभदायक उपयोग" भन्नाले साधन र स्रोतले भ्याएसम्म उचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनुपर्छ ।

(ग) "अनुमति प्राप्त व्यक्ति" भन्नाले नियमावलीको दफा १५, १७ र २० बमोजिम अनुमति प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनुपर्छ ।

(घ) "उपभोक्ता संस्था" भन्नाले दफा ४ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्छ ।

(ङ) "गाउँ जलस्रोत समिति" भन्नाले दफा ३० बमोजिमको गाउँ जलस्रोत समिति सम्झनुपर्छ।

(च) "अनुमति पत्र" भन्नाले दफा १५, १७ र २० बमोजिम दिइने अनुमति पत्र सम्झनुपर्छ।

(छ) "सर्भेक्षण" भन्नाले जलस्रोतको उपयोगका लागि गरिने संभाव्यता अध्यन विस्तृत ईन्जिनियरिङ डिजाइनको कार्य र त्यसका लागि गरिने अन्वेषणको कार्य समेत सम्झनुपर्छ ।

(ज) "उपभोक्ता" भन्नाले जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गर्ने व्यक्ति सम्झनुपर्छ ।

(झ) "सेवा शुल्क" भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिका वा अनुमति पत्र प्राप्त व्यक्तिले उपल्ध गराएको जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गरे वापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनुपर्छ ।

(ञ) "गाउँपालिका" भन्नाले बोगटान फुड्सिल गाउँपालिका सम्झनुपर्छ ।

(ट) "गाउँ कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ठ) "प्रमुख" भन्नाले गाउँपालिकाको अध्यक्ष लाइ सम्झनुपर्छ ।

(ड) "उप प्रमुख" भन्नाले गाउँपालिकाको उपाध्यक्ष लाइ सम्झनुपर्छ ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

## परिच्छेद २
## जलस्रोत स्वामित्व सम्बन्धी व्यवस्था

**३. जलस्रोत स्वामित्वः** (१) बोगटान फुड्सिल गाउँपालिका भित्र रहेको जलस्रोतको स्वामित्व गाउँपालिकामा निहित रहनेछ ।

(२) प्रचलित संघीय, प्रदेश तथा गाउँपालिकाको कानून बमोजिम गाउँपालिकाको जलस्रोतको उपयोग तथा व्यवस्थापान गर्ने अधिकार गाउँपालिकामा रहनेछ ।

## परिच्छेद ३
## उपभोक्ता सम्बन्धी व्यवस्था

**४. जल उपभोक्ता संस्थाको गठनः** (१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन ।

(२) उपनियम (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई गाउँ जलस्रोत समिति समक्ष दर्ता गराउनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम जल उपभोक्ता संस्था दर्ता गर्न देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जनाको उपभोक्ता संस्था गठन भएको,

(ख) संस्थाको विधान एक प्रति ,

(ग) अनुसूची-१ बमोजिम को निवेदन ,

(घ) आर्थिक ऐनमा तोकीए बमोजिम को दस्तुर,

**५. उपभोक्ता संस्थाको दर्ता को लागि दरखास्त दिनुपर्ने :** नियम ४ को (३) बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरु मध्ये कम्तीमा सात जना उपभोक्ताहरुले अनुसूची १ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एक प्रति विधान र तोकीएको दस्तुर सहित गाउँ जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

**६. विधान मा खुलाउनुपर्ने विवरणहरु :** नियम ४ बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खुलाउनुपर्नेछ ।

(क) पूरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्य क्षेत्र,

(ग) सदस्यको लागि योग्यता तथा सदस्यता शुल्क,

(घ) सदस्यको निस्कासन र राजीनामा,

(ङ) हकदावी नामासारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्बन्धी व्यवस्था,

(छ) सञ्चालक समिति गठन निर्वाचन काम कर्तव्य अधिकार सम्बन्धी,

(ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,

(झ) संचालक समितिको वैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष तथा लेखापरीक्षण,

(ट) विधान संशोधन,

(त) विघटन,

(ज) विविध ,

**7. उपभोक्ता संस्था संगठित संस्था हुनेः** (१) उपभोक्ता संस्था अभिच्छिन्न उत्तराधिकारीवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सब कामकारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।
(३) उपभोक्ता संस्थाले व्यक्ति सरह् चल अचल सम्पति प्राप्त गर्न उपभोग गर्न वेचविवखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।
(४) उपभोक्ता संस्थाले व्यक्ति सरह् नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

**८. दर्ता र प्रमाणपत्रः** नियम ५ बमोजिम पर्न आएको दरखास्त उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची -२ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ता को प्रमाणपत्र दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाउँ जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले पैतिस दिन भित्र सो कुराको सूचना दिनुपर्नेछ।
(३) यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यस नियमावली बमोजिम दर्ता भएको मानिनेछन ।

**९. विधान संशोधनः** (१) उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नपर्ने भएमा विधान को प्रकृया पूरा गरी तयार गरिएको विधान को संशोधित मस्यौदा गाउँ जलस्रोत समितिमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम विधान संशोधन सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचवुझ गरी विधान लाई संशोधन गर्न स्वीकृत दिन सक्नेछ।

परिच्छेद ४

## जलस्रोतको उपयोग सम्बन्धी व्यवस्था

**१०. जलस्रोत उपयोगः** (१) यस नियमावली बमोजिम अनुमति पत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउनेछैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति लिनुपर्ने छ । अनुमति लिन चाहेमा यस नियमले वाधा पुर्याएको मानिनेछैन ।
(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न,
(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिंचाइ गर्न,
(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानीचक्की चलाउन,
(घ) व्यक्तिगत रुपमा स्थानीय आवागमऐनको लागि डुङ्गाको प्रयोग गर्न,
(ङ) जग्गाधनीले आफ्नो जग्गा भित्र मात्र सिमित रहेको जलस्रोत तोकीए बमोजिम उपयोग गर्न,
(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

**११. जलस्रोत उपयोगको प्राथमिकर्ताक्रमः** (१) जलस्रोत उपयोग गर्दा साधारणतया देहाको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ ।

(क) खानेपानी र घरेलु उपयोग,
(ख) सिंचाइ ,
(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,
(घ) जलविद्युत,
(ङ) घरेलु उद्योग औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग
(च) जलयातायात,
(छ) आमोद प्रमोदजन्य उपयोग,
(ज) अन्य उपयोग ।
(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा जलस्रोत उपयोग जाँचवुझ समितिले उपनियम (१) को प्राथमिकर्ताक्रम दफा १० को उपनियम (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक

जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित
जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुनै किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।
(३) उपनियम (२) बमोजिम जलस्रोत उपयोग जाँचबुझ समितिले निर्धारण गरेको कुरा सम्बन्धित सव लाई मान्य हुनेछ ।
(४) उपनियम (२) बमोजिम जलस्रोत उपयोग जाँचबुझ समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि नियम ४२ (३) मा तोकीए बमोजिम हुनेछ ।

१२. **अनुमतिपत्रको व्यवस्थाः** (१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकीए बमोजिमको विवरणहरु खुलाई गाउँ जलस्रोत समिति समक्ष अनुमति पत्रको लागि दरखास्त दिनुपर्नेछ तर जलस्रोतको सर्वेक्षण र नियम १० को (२) बमोजिम उपयोगका लागि अनुमति पत्रको लागि दरखास्त दिदाँ त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्नेछैन।
(२) उपनियम (१) बमोजिम परेको दरखास्तमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमति पत्रको हकमा तीस दिन भित्र र जलस्रोत उपयोगको अनुमति पत्रको हकमा १२० दिन भित्र तोकीए बमोजिम को ढाँचामा आवश्यक शर्तहरु तोकी नियम ११ को उपनियम १ मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवाललाई अनुमति पत्र दिनुपर्नेछ ।

(३) अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकालाई तोकीए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनुपर्नेछ ।
(४) अनुमति पत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसै लाई हस्तान्तरण गर्न परेमा गाउँ जलस्रोत समितिबाट तोकीए बमोजिम स्वीकृत लिनुपर्ने छ

१३. **जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेः** (१) जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची -३ बमोजिम ढाँचामा प्रस्ताव परियोजनासँग सम्बन्धित देहायका विवरणहरु खुलाइ गाउँ जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फारम दिनुपर्नेछ ।

(क) परियोजनाको विवरण,
(ख) परियोजना रहने स्थाऐनको नक्शा (मुख्य मुख्य संरचना समेत देखिने),
(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,
(घ) परियोजनाबाट लाभाविन्वित हुने उपभोक्ताहरुको संख्या र किसिम,
(ङ) सर्वेक्षण गरिने जलस्रोतको क्षेत्र,
(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत (सर्वेक्षण र सञ्चालऐनको लागि समेत)
(छ) मुहान रहेको क्षेत्रको चार किल्ला तथा अन्य आवश्यक कुराहरु ।
(२) उपनियम (१) बमोजिम सर्वेक्षण अनुमति पत्रको लागि दरखास्त दिदाँ आर्थिक नियममा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची ८ मा उल्लेखित दस्तुरको पच्चीस प्रतिशतको दरले हुन आउने रकम सर्वेक्षण अनुमति पत्र दस्तुर वापत बुझाउनु पर्नेछ ।

१४. **दरखास्त उपर जाँचबुझः** (१) नियम १३ बमोजिम दरखास्त परेपछि नियमावली बमोजिम दरखास्त वालाले दरखास्तसाथ पेश गर्नपर्ने आवश्यक विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचवुझ गर्न पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नपर्ने कुनै कागजात विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात विवरण वा माफिकको म्याद तोकी दरखास्त परेको पन्ध्र दिन भित्र सूचना दिनुपर्नेछ ।
(३) उपनियम (२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै नियमावलीको नियम १३ को उपनियम (२) को प्रयोजऐनको लागि दरखास्त परेको मिति मानिनेछ ।

**१५. सर्वेक्षण अनुमतिपत्र दिनेः** नियम १३ बमोजिम परेको दरखास्त उपर नियम १४ बमोजिम गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरेपतछ दरखास्तवालाको माग अनुसार वा आवश्यक भए संशोधन समेत गरी अनुसुची -४ बमोजिम को ढाँचामा दरखास्तवालालाई जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र दिनुपर्नेछ ।

**१६. सर्वेक्षण प्रनतवेदन पेश गर्नु पर्ने** नियम १५ बमोजिम अनुमति पत्र प्राप्त व्यक्तिले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले तीस दिन भित्र आफूले गरेको सर्वेक्षणको तीन प्रति प्रतिवेदन गाउँ जलस्रोत समिति समक्ष पेश गर्नुपर्नेछ ।

**१७. जलस्रोत उपयोग अनुमति** (१) जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-५ बमोजिम को ढाँचामा प्रस्ताव परियोजनासँग सम्बन्धित देहायको विवरणहरु खुलाइ गाउँ जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फाराम दिनुपर्नेछ ।

(क) परियोजनाको विस्तृत विवरण परियोजना स्थलको नक्शाको उपयोग गरिने पानीको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय र लागत परियोजनाको सहभागीहरुको नाम र तिनीहरुको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्तो संस्थाको सञ्चालकहरुको नाम थर र वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्छ ।

(ख) सम्भाव्यताको विश्लेषण परियोजनाको विस्तृत नक्शा सहित को प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण) ।

(ग) वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तीय व्यवस्था परियोजनाका लगानीकर्तानहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुको प्रतिवद्धता र लगानीकर्तानहरुले दायित्व तथा शेयर पुँजी र ऋणको प्रति शत) ।

(घ) घर जग्गाको उपयोग वा प्राप्ती परियोजनाको निर्माण कार्य को लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत) ।

(ङ) वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पाने उल्लेखनीय प्रति कूल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरु तथा जलस्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु, परियोजनाले सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधऐनको उपयोग, परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय जनतालाई दिइने तालिम निर्माण लशविरको लागि आवश्यक पर्ने सुविधाहरु, सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजनाहरु सञ्चालनबाट सम्बन्धित जग्गाधनीहरुलाई पर्न सक्ने असर विस्थापित जनसंख्याको लागत र तिनीहरुको पुनवानसको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ) ।

(च) अन्य आवश्यक कुराहरु ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएता पनि नियम १० को (२) बमोजिम को प्रयोजनका लागि उपनियम १ को (ग), (घ), (ङ) बमोजिम को विवरण पेश गर्न अनिवार्य हुनेछैन ।

**१८. दरखास्त उपर जाँचबुझः** (१) नियम १७ बमोजिम दरखास्त प्राप्त भएपछि निर्देशिका बमोजिम दरखास्तसाथ पेश गर्नपर्ने आवश्यक कागजात विवरण वा प्रतिवेदनपेश गरे नगरेको सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नपर्ने कुनै कागजात विवरण नपुगेमा गाउँ जलस्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मनासिव माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले तीस दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदनपेश गर्न गाउँ जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नियमावलीको को उपनियम (२) प्रयोजऐनको लागि दरखास्त परेको मिति मानिनेछ ।

**१९. सार्वजनिक सूचना प्रकाशित गर्नु पर्ने** (१) नियम १७ बमोजिम जलस्रोतको उपयोग अनुमति पत्रको लागि दरखास्त परेपछि गाउँ जलस्रोत समितिले नियम १८ बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरु खुलाइ सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि जलस्रोतको उपयोगसंग सम्बन्धित परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रति कूल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरु खुलाइ सूचना प्रकाशित भएको मितिले पैंतीस दिन भित्र सम्बन्धित गाउँ जलस्रोत समिति समक्ष जोसुकैले पनि जानकारी दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी गाउँ जलस्रोत समितिले त्यस्तो उल्लेखनीय प्रति कूल असर न्यूनतम गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालना गर्नपर्ने कुराहरु अनुमति पत्र दिदाँ तोकी दिनेछ ।

**२०. अनुमतिपत्र दिनेः** नियम १७ बमोजिमको दरखास्त उपर नियम १९ बमोजिमको कार्यविधि पूरा गरी गराई गाउँ जलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची ६ बमोजिम ढाँचामा दरखास्तावालालाई जलस्रोत उपयोग सम्बन्धी अनुमति पत्र दिनुपर्नेछ ।

**२१. सर्वेक्षणको अनुमति पत्र प्राप्त व्यक्तिलाई परियोजना संचालन गर्न अनुमतिपत्र प्रदान गरिनेः** (१) नियम १५ बमोजिम

सर्वेक्षणको अनुमति प्राप्त व्यक्तिले आफूले गरेको सर्वेक्षण बमोजिम जलस्रोत उपयोग सम्बन्धी कार्य पनि गर्न चाहेमा सर्वेक्षण कार्य पूरा गर्नपर्ने म्याद भित्र नियम १७ बमोजिमका विवरणहरु खुलाइ दरखास्त दिएमा यस निर्देशिका को अन्य व्यवस्थाहरुको अधिनमा रही दरखास्तवालालाई प्राथमिकताकासाथ नियम २० बमोजिम जलस्रोत उपयोगको अनुमति पत्र दिन सक्नेछ ।

२२. **जलस्रोत माथि अधिकार कायम हुनेः** यस नियमावली बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमति पत्र प्राप्त व्यक्तिलाइ अनुमति पत्रमा उल्लेख भए बमोजिम कामको लागि सोही अनुमति पत्रमा तोकीएको स्थान र क्षेत्रसम्म जलस्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ।

२३. **कार्य शुरु गर्नुपर्ने अवधिः** (१) अनुमति पत्र प्राप्त व्यक्तिले अनुमति पत्रमा उल्लेखित कार्य अनुमति पत्र प्राप्त गरेको मितिले सर्वेक्षणको हकमा तीन मिहनाभित्र र जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालऐनको हकमा एक वर्ष भित्र भौतिक रुपमा कार्य शुरु गरी सोको जानकारी सम्बन्धित गाउँ जलस्रोत समितिलाइ दिनु पर्नेछ ।

तर म्यादभित्र कार्य शुरु गर्न नसकेको कारण खोली अनुमति पत्र प्राप्त व्यक्तिले निवेदन दिएमा गाउँ जलस्रोत समितिले त्यस्तो कारण उचित र यथेष्ट देखेमा म्याद थप गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्य शुरु भएपछि प्रत्येक ६ महिना भएको कामको प्रगति विवरण अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले सर्वेक्षण वा निर्माण कार्य सम्पन्न नभए सम्म गाउँ जलस्रोत समिति समक्ष पताउनुपर्नेछ ।

२४. **नयाँ अनुमतिपत्र लिनुपर्ने :** (१) नियमावली प्रारम्भ हुनु अगावै देखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि नियम १७ मा उल्लेखित विवरणहरु खुलाइ नियमावली प्रारम्भ भएको मितिले एक वर्ष भित्र गाउँ जलस्रोत उपयोगको अनुमति पत्रको लागि दरखास्त पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाइ अनुसूची -७ बमोजिम को ढाँचामा अनुमति पत्र दिनेछ ।

२५. **अनुमतिपत्र दस्तुरः** यो नियमावली बमोजिम को जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमति पत्रको लागि दरखास्त दिदाँ आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची - ८ मा तोकीए बमोजिम को अनुमति पत्र दरखास्त बुझाउनु पर्नेछ ।

२६. **अनुमतिपत्र नवीकरण गठनः** (१) यो नियमावली बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमति पत्रको लागि दरखास्त दिदाँ नवीकरण दस्तुर लाग्नेछ ।

(२) प्रत्येक बर्ष अनुमति पत्र नवीकरण गराउँदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची - ८ मा तोकीएको दस्तुरको पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ ।

२७. **अनुमतिपत्र विक्रि वा हस्तान्तरण गर्न स्वीकृति लिनुपर्ने** (१) अनुमति पत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसै लाई हस्तान्तरण गर्नु परेमा सम्बन्धित गाउँ जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमति पत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाउँमा विक्रि गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृत दिन सक्नेछ ।

२८. **जल विद्युतको लागि जलस्रोत को उपयोगः** (१) नियम ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत उत्पादऐनको गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमति पत्रको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) जलविद्युत उत्पादन गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्बन्धी अन्य व्यवस्था यस नियमावली बमोजिम हुनेछन ।

२९. **गाउँपालिकाले जलस्रोत को उपयोग वा विकास गर्न सक्नेः** (१) गाउँपालिका आफले कुनै जलस्रोतको उपयोग वा विकास गर्न यस ऐनको कुनै व्यवस्थाले बाधा पुर्याएको मानिने छैन।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सो सँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यपाक सार्वजनिक उपयोगका लागि गाउँपालिकाले आफूले लिइ विकास गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम आफूले लिएको जलस्रोतको उपयोग गर्दा सम्बन्धित जग्गा भवन वा संरचना वापत गाउँपालिकाले सम्बन्धित व्यक्तिलाई तोकीए बमोजिम क्षतिपूर्ति दिनेछ ।

(४) उपनियम (३) बमोजिम दिइने क्षतिपूति ऐनको रकम उपनियम (२) बमोजिम नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकाले लिएको जग्गा भवन उपकरण तथा संरचनाको वर्तमान मूल्य त्यसमा भएको टुटफुट र साधारण प्रयोगबाट भएको ह्रास कटाई को आधारमा निर्धारित गरिने छ ।

३०. **गाउँ जलस्रोत समितिको गठनः** (१) गाउँ भित्र रहेको जलस्रोतको उपयोगको लागि नियमावली को नियम ४ को उपनियम (१) बमोजिम अनुमति पत्र प्रदान गर्ने प्रयोजऐनको लागि गाउँपालिकामा देहाय बमोजिम गाउँ जलस्रोत समिति रहनेछ ।

| | |
|---|---|
| (क) गापा अध्यक्ष | अध्यक्ष |
| (ख) गापा उपाध्यक्ष | सदस्य |
| (ग) बन वातावरण तथा विपद व्यवस्थापान समिति प्रतिनिधि | सदस्य |
| (घ) गापामा सञ्चालित विद्युत आयोजनाको प्रतिनिधि | सदस्य |
| (ङ) कृषि शाखा प्रमुख | सदस्य |
| (च) वन शाखा प्रमुख | सदस्य |
| (छ) खानेपानी शाखा प्रमुख | सदस्य |
| (ज) योजना शाखा प्रमुख | सदस्य |
| (ञ) गाउँपालिकाको जलश्रोत कार्यक्रम अधिकृत वा तोकेको सहायक स्तरको कर्मचारी | सदस्य |
| (झ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

३१. **गाउँ जलस्रोत समितिको बैठक सम्बन्धी कार्य विधि** (१) गाउँ जलस्रोत समितिको वैठक अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

(२) वैठकको अध्यक्षता गाउँ जलस्रोत समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थतिमा गाउँ जलस्रोत समितिको सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले वैठकको अध्यक्षता गर्नेछ ।

(३) गाउँ जलस्रोत समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा वैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) गाउँ जलस्रोत समितिमा कुनै विषयमा छलफल भै मतदान हुँदा उपस्थित सदस्य संख्याको दुई तिहाइ सदस्यहरुको मतलाई गाउँ जलस्रोत समितिको निर्णय मानिनेछ ।

(५) गाउँ जलस्रोत समितिको निर्णय गाउँ जलस्रोत समितिको सचिवद्वारा प्रमाणित गरिने छ।

(६) गाउँ जलस्रोत समितिको वैठक सम्बन्धी अन्य कार्यविधि गाउँ जलस्रोत समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३२. **गाउँजलस्रोत समितिको सचिवालय :** गाउँ जलस्रोत समितिको सचिवालय प्रमुख प्रशासकीय अधिकृतको कार्यालयमा रहनेछ ।

३३. **जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्नेः** (१) गाउँपालिकाले नियम ११ को उपनियम (१) वा (२) बमोजिम विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भइसकेपछि आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफूले अनुमति प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

३४. **जलस्रोत को उपयोगको लागि करार गर्न सक्नेः** यस निर्देशिका मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले कुनै स्वदेशी वा विदेशी कम्पनी संगठित संस्था वा व्यक्ति प्रचलित कानूऐनको अधिनमा रही करार गरी सोही करारमा उल्लेखिति शर्तहरु बमोजिम जलस्रोतको उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ ।

३५. **सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउनेः** (१) अनुमति प्राप्त व्यक्ति वा संस्थाले आफूले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसै लाई आपसी शर्तको आधारमा उपल्ध गराउन र त्यस्तो सेवा वापत शुल्क असुर उपर गर्न सक्नेछ ।

(२) गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसै लाई उपल्ध गराए वापतको सेवा शुल्क आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची ९ मा तोकीए बमोजिम असूलउपर गर्न सक्नेछ ।

**३६. सेवा रोक्न सक्नेः** सेवा उपभोग गरेवापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयेग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सक्नेछ ।

**३७. अरूको घरजग्गामा प्रवेश गर्न सक्नेः** गाउँपालिका वा अनुमति प्राप्त व्यक्तिले जलस्रोतको सर्भेक्षण वा उपयोगको सिलसिलामामा कसैको घरजग्गामा प्रवेश गर्न परेमा गाउँपालिका वा अनुमति प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाइ सूचना दिएर मात्र त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा गाउँपालिका वा अनुमति प्राप्त व्यक्तिले तोकीए बमोजिम क्षतिपुर्ति दिनुपर्नेछ । तर कुनै घरजग्गामा जलस्रोतको अनाधिकृत उपयोग वा दुरुपयोग गरीरहेको शंका लागेमा मनासिव माफिकको कारण भएमा सो कुराको जाँचबुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन सूचना विना पनि त्यस्तो कर्मचारीले सम्बन्धित घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

**३८, जलस्रोत को उपयोगसंग सम्बन्धित संरचनाको सुरक्षा :** (१) जलस्रोत उपयोगितासंग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमति प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं व्यक्तिले आवश्यक ठानेमा गाउँपालिकाले सुरक्षा प्रवन्ध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमति प्राप्त व्यक्तिको अनुरोधमा सुरक्षा प्रवन्ध गरिएको मा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च अनुमति प्राप्त व्यक्तिले व्यहोर्ने छ ।

**३९. जलस्रोत प्रदुषित गर्न नहुनेः** (१) गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी जलस्रोतको प्रदुषण सहन सिमा तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकीएको जलस्रोतको प्रदुषण सहन सीमा नाघ्ने गरी कसै लाइ पनि कुनै किसिमको फोहरमैला, औद्योगिक विकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोत दुषित गर्न हुदैन ।

(३) जलस्रोत प्रदुषण भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्बन्धमा नियम ३९ को उपनियम (१) बमोजिम तोकीएको गुणस्तर भए नभएको सम्बन्धमा तोकीएको अधिकारीले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

**४०. वातावरणमा उल्लेखनिय प्रतिकुल असर पार्न नहुनेः** जलस्रोतको उपयोग गर्दा भू क्षय हुने, बाढी पहिरो वा यस्तै अरु कारणद्वारा वातावरणमा उल्लेखनिय प्रतिकुल असर नपर्ने गरी गर्नुपर्नेछ ।।

**४१. अनुमति खारेज गर्न सकिनेः** (१) अनुमति प्राप्त व्यक्तिले यो नियमावली वा नियमावली अन्तर्गत बनेका अन्य कार्यविधि, निर्देशिका विपरीत कुनै काम गरेमा तोकीएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकीएको अवधिभित्र अनुमति प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकीएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमति पत्र खारेज गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुमति खारेज गर्न अघि तोकीएको अधिकारीले सम्बन्धित अनुमति पत्र प्राप्त व्यक्तिलाइ मनासिव सफाइ पेश गर्ने मौका दिनुपर्नेछ ।

(४) कुनै जलस्रोत प्रदुषित भए नभएको वा कुनै जलस्रोतको उपयोगको सम्बन्धमा ऐनको दफा ३९ उपनियम (१) बमोजिम गुणस्तर भए नभएको परिक्षण गर्ने गराउने अधिकार गाउँ जलस्रोत समितिले तोकेको अधिकारीलाइ हुनेछ ।

(५) उपनियम (१), (२) र (३) बमोजिम सजाय गर्ने अधिकार गाउँ जलस्रोत समिति वा समितिले तोकेको अधिकारीलाइ हुनेछ ।

## परिच्छेद ४
## जलस्रोत उपयोगको विवाद सम्बन्धी जाँचबुझ

४२. जलस्रोत उपयोग जाँचबुझ समिति : (१) जलश्रोत उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधाऐनको लागि देहाय बमोजिम को एक जलश्रोत उपयोग तथा जाँचबुझ समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रतिनिधी वातावरण तथा विपद व्यवस्थापन समिति | अध्यक्ष |
| (ख) सम्बन्धित वडा अध्यक्ष वा तिनले तोकेको सदस्य | सदस्य |
| (ग) प्रतिनिधी योजना शाखा | सदस्य |

(२)  दुइ वा दुइ भन्दा बढी वडा वीच जलस्रोतको उपयोग सम्बन्धी विवाद उत्पन्न भएमा उपनियम (१) को (ख) बमोजिम विवादसंग सम्बन्धित प्रत्यक वडा समितिको १।१ जना प्रतिनिधी रहनेछन् ।

(३)  उपनियम (१) बमोजिमको जलस्रोत उपयोग जाँचबुझ समितिले जलस्रोतको उपयोगमा उत्पन्न विवाद समाधान गर्दा छुट्टै कार्यविधि तर्जुमा नभएसम्म विवादको निरुपण गर्दा देहायको कार्यविधि अपनाउनेछ ।

(क) जलस्रोत उपयोगबाट लाभान्वित हुने स्थानीय व्यक्तिहरु बाहेक जलस्रोत उपयोगको प्राथमिकता निर्धारण वा जलस्रोत सम्बन्धी कुनै परियोजना संचालनबाट स्थानीय व्यक्तिहरुलाइ पर्न जाने मर्काको सम्बन्धमा विवाद उठेमा सम्बन्धित अनुमति प्राप्त व्यक्ति, संगठित संस्था तथा स्थानीय व्यक्तिहरुलाइ छुट्टा छुट्टै वा सामुहिक रुपमा आफ्नो दावी पुष्ट्राइ हुने तथ्यहरु उल्लेख गरी जानकारी पेश गर्न मनासिव माफिकको म्याद तोककिदनुपर्ने छ ।

(ख) खण्ड (क) बमोजिम तोकीएको म्यादभित्र लिखित जानकारी प्राप्त भएपछि परियोजना स्थल समेतको स्थलगत अध्ययन गरी मुख्यतयाः देहायको विषयमा जानकारी लिनुपर्ने छ।

(अ) परियोजनाको कुल खर्च

(आ) परियोजनाबाट हुने फाइदाको स्तर

(इ) आयोजना संचालन गर्दा सम्बन्धित जलस्रोत उपयोग गरिरहेका व्यक्ति वा समुहलाइ पर्न सक्ने असर

(ई) परियोजनाबाट लाभाजन्वत हुने उपभोक्ताको संख्या

(उ) परियोजना संचालन गर्दा वातावरणमा पर्ने प्रभाव

(ऊ) स्थानीय जनताको आवश्यकता

(ए) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको प्रतिक्रिया

(ऐ) अन्य आवश्यक कुराहरु

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयहरु मा जानकारी प्राप्त गरेपछि सोको आधारमा जलस्रोत लाभदायक उपयोग भए नभएको र सो जलस्रोत पाउने नपाउने कुराको निर्धारण गर्न पर्नेछ।

(घ) उपनियम(३) को खण्ड (ग) बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कुराको निर्धारण गर्दा जलस्रोत उपयोग जाँचबुझ समितिले शर्तहरु समेत तोक्न सक्नेछ ।

## परिच्छेद ५
## सेवा शुल्क सम्बन्धी

४३. **वार्षिक शुल्कः** अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोत उपयोग गरी अन्य व्यक्तिहरुलाइ व्यापारिक प्रयोजनको लागि सेवा उपलव्ध गराए वापत गाउँपालिकालाइ बुझाउनु पर्ने वार्षिक शुल्क अनुसूची ९ मा तोकीए बमोजिम हुनेछ ।

४४. **सेवा शुल्क निर्धारण समिति :** (१) गाउँपालिकाले गरेको जलस्रोत उपयोगको सेवा शुल्क निर्धारण गर्न, निर्धारित समयभित्र सेवा शुल्क नबुझाउने उपभोक्तालाइ अतिरिक्त शुल्कको दर निर्धारण गर्न देहाय बमोजिम  को सेवा शुल्क निर्धारण समिति रहनेछ । समितिले निर्धारण गरेको शुल्क प्रत्यक आ.व.मा आर्थिक ऐनमा समावेश भइ पारीत भएपछि मात्र लागु हुनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाले तोकेको कार्यपालिकाको सदस्य | अध्यक्ष |
| (ख) उपभोक्ता मध्येबाट गाउँपालिकाले तोकेको व्यक्ति | सदस्य |
| (ग) गाउँपालिकाको सम्बन्धित शाखा हेने कर्मचारी | सदस्य सचिव |

(२) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समितिले स्वयं निर्धारण गर्न सक्ने छ ।

(३) उपनियम (१) बमोजिम सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क तेक्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको प्राकृति,

उपभोक्ता मुल्य सूचीको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ ।

४५. **सेवा शुल्क बुझाउनु पर्ने :** जलस्रोतको उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरुले सेवा उपयोग बरेवापत नियम ४४ को उपनियम ३ बमोजिम निर्धारित सेवा शुल्क बुझाउनु निजहरुको को दायित्व हुनेछ ।

परिच्छेद ६

## घरजग्गा प्राप्ती तथा क्षतीपूर्ति सम्बन्धी व्यवस्था

४६. **निवेदन दिनुपर्ने :** नियमावलीको नियम १० को उपनियम (१) बमोजिम जलस्रोत उपयोगको लागि कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमति पत्र प्राप्त व्यक्तिले गाउँपालिका समक्ष अनुसूची १० बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

४७. **परियोजना स्थल वरीपरीको जग्गा प्रयोग गर्न निषेध गर्न सक्नेः** (१) ऐनको नियम १० को उपनियम (३) को प्रयोजऐनको लागि गाउँपालिकाले जलस्रोतको उपयोग सम्बन्धी परियोजनाको किसिम, बनोट, क्षमता, आदी कुराहरुलाई ध्याऐनमा राखि त्यस्तो परियोजना क्षेत्रभित्र का घर जग्गा कुनै खास कामको लागि अरु कसैले प्रयोग गर्न नपाउने गरी निश्चित दुरी तोकी निषेध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निषेध गरिएको सूचना गाउँपालिकाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरी सम्बन्धित परियोजना क्षेत्रको मुख्य मुख्य ठाउँ, परियोजना कार्यालय, सम्बन्धित वडा वा गाउँपालिका लगायत अन्य सम्बन्धित कायानलयमा समेत टाँस्न लगाउनु पर्नेछ ।

४८. **क्षतिपुर्ति दिइनेः** (१) नियम ४६ बमोजिम घरजग्गा प्रयोग निशेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाइ भएको हानी नेक्सानी वापत दिइने क्षतिपुर्ति रकम नियम ४८ को उपनियम (२) बमोजिम गठित क्षतिपुर्ति निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(२) घरजग्गाको प्रयोगमा थप बन्देज लगाउनुपर्ने अवस्था परेमा बाहेक उपनियम (१) बमोजिम दिइने क्षतिपुर्तिको रकम सम्बन्धित व्यक्तिलाइ एक पटक मात्र दिइनेछ ।

४९. **क्षतिपुर्ति निर्धारण समिति :** (१) नियमावलीको नियम ४८ को उपनियम (२) बमोजिम क्षतिपुर्तिको रकम निर्धारण गर्न देहाय बमोजिमको क्षतिपुर्ति निर्धारण समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाले तोकेको sfo{kflnsf सदस्य | अध्यक्ष |
| (ख) जलस्रोत उपयोग परियोजनासंग सम्बन्धित कार्यालयको प्रतिनिधी सदस्य | |
| (ग) गाउँपालिकाले तोकेको जलस्रोत विज्ञ | सदस्य |
| (घ) हानी नोक्सानी भएको सम्पीको धनी वा तिनिको प्रतिनिधी | सदस्य |
| (ङ) मालपोत शाखाको प्रतिनिधी | सदस्य |
| (च) क्षति भएको वडाको वडा अध्यक्ष वा तिनिले तोकेको प्रतिनिधी | सदस्य |

(२) उपनियम(१) बमोजिमको क्षतिपुर्ति निर्धारण समितिले क्षतिपुर्तिको रकम निर्धारण गर्दा प्रत्यक्ष रुपमा वास्तविक हानी नोक्सानीको मूल्यांकन गरी निर्धारण गर्नुपर्नेछ ।

(३) क्षतिपुर्ति निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफुले निर्धारण गर्न सक्नेछ ।

परिच्छेद ७

## विविध

५०. **सहयोग पुर्याउनु पर्ने :** आफ्नो कार्य सम्पादनको सिलसिलामामा गाउँ जलस्रोत समितिले जलस्रोतसंग सम्बन्धित निकायबाट

आवश्यकता अनुसारका तथ्यांकहरु माग गर्न सक्नेछ र माग भएका तथ्यांकहरु उपलव्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

५१. **दुर्घटनाको सूचनाः** (१) अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग सम्बन्धी कुनै काम गर्दा कुनै प्रकारले दुघनटना वा नोक्सानी भएमा गाउँ जलस्रोत समितिलाइ तुरुन्त सूचना दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो दुर्घनटनाको कारण पत्ता लगाउन गाउँ जलस्रोत समितिले आवश्यक निरीक्षण गर्न गराउन सक्नेछ र प्राविधिक दृष्टिकोणबाट त्यस्तो दुर्घटनाटना नदोहोरिन अपनाउनुपर्ने सुरक्षात्मक व्यवस्था गर्न अनुमति प्राप्त व्यक्तिलाइ आदेश पालना गर्न सम्बन्धित अनुमति प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

५२. **गाउँपालिकाले निर्देशन दिन सक्नेः** गाउँपालिकाले जलस्रोतको उपयोग सम्बन्धमा गाउँ जलस्रोत समितिलाइ आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्न गाउँ जलस्रोत समितिको कर्तव्य हुनेछ ।

५३. **दण्ड सजायः** (१) कसैले यो नियमावली वा यस अन्तरगत बनेका अन्य कार्यविधि वा निर्देशिका को उल्लंघन गरेमा तिनलाई तोकीएको अधिकारीले पाँच हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसूरबाट कसैको हानीनोक्सानी भएको रहेछ भने निजबाट त्यस्ते हानी नोक्सानी वापतको क्षतिपुर्ति भराइ दिन सक्नेछ।

(२) कसै ले यस नियमावली बमोजिम अनुमति पत्र लिनुपर्ने मा सो नलिइ वा अनुमति पत्रमा उल्लेख भएका शर्त पालना नगरी जलस्रोतको उपयोग गरेमा तिनलाई तोकीएको अधिकारीले पाँच हजाररुपैया सम्म जरिवाना र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस नियमावली बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकीएको अधिकारीले तनिबाट बिगो असूल गरी तिनलाई बिगो बमोजिमको जरिवाना समेत गर्न सक्नेछ ।

(४) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसंग सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुयाएमा वा त्यस्तो कुनै काम कुराको दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उध्योग गरेमा तनिबाट हानी नेक्सानीको विगो असुल गरी तिनलाई प्रचलित कानून बमोजिम  जरिवाना, कैद वा दुव  सजाय हुनेछ ।

५४. **पुनरावेदनः** नियम ५३ बमोजिम  दिएको क्षतिपुतिको रकममा वा नियम ४१ बमोजिम  तोकीएको अधिकारीले अनुमति पत्र खारेज गरेकोमा वा नियम ५३ को उपनियम (१), (२) वा (३) बमोजिम  तोकीएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नवुझ्ने व्यक्तिले पैतिस दिन भित्र  पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ।

५५. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः** गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

५६. **अरूको घर जग्गाको उपयोग वा प्राप्त** (१) जलस्रोतको उपयोगको लागि देहायको कुनै  काम गर्न  कसै को घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमति पत्र प्राप्त व्यक्तिले गाउँपालिका समक्ष तोकीए बमोजिम निवेदन दिन सक्नेछ ।

क. बाँध वा तट्बन्ध बाँध्न

ख. नहर, कुलो वा सुरुङ खन्न

ग. जलमन मुनी वा माथि पानीको ट्याङ्की बनाउन वा पाइप लाई विछ्याउन,

घ. पोखरी बनाउन वा जल वितरण केन्द्र स्थापना गर्न

ङ. जलस्रोतको विकाससंग सम्बन्धित अरु आवश्यक निर्माण कार्य गर्न

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी प्रचलित कानून बमोजिम  संगठित संस्थालाइ सरह अनुमति पत्र प्राप्त व्यक्तिलाइ त्यस्तो घर जग्गा प्राप्त गराइदिन सक्नेछ ।

५७. **कार्यविधि वा निर्देशका बनाउन सक्नेः** नियमावलीको प्रभावकारी कार्यान्वयनका लागि देहायका क्षेत्रमा कार्यविधि तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(क) खानेपानी, सिंचाइ , जल यातायात, औद्योगिक उपयोग, आमोद प्रमोद सम्बन्धी उपयोग र जलस्रोतको यस्तै अन्य उपयोग,

(ख) जलस्रोत संरक्षण, बाढी नियन्त्रण,पहिरो रोकथाम,

(ग) वातावरण संरक्षण,

(घ) जलस्रोत उपयोग गरे वापत गाउँपालिकालाई बझाउनु पर्ने शुल्क, दस्तुर सम्बन्धी,

(ङ) जलस्रोत उपयोगका विभिन्न तरिकाहरु ,

(च) जलस्रोतको प्रदुषण रोक्ने विषयहरु ,

(छ) जलस्रोत उपयोग सम्बन्धी सेवाको स्तर निर्धारण,

(ज) जलस्रोत उपयोगबाट हुन सक्ने दुघनटना र त्यसको जाँचबुझ तथा क्षतिपूर्ति,

(झ) उपभोक्ता संस्था, समिति र उपभोक्ता सम्बन्धी अन्य व्यवस्थाको साथ उपभोक्ताहरुको हित संरक्षण र सुविधा दिने विषयहरु

(ञ) जलस्रोतको विकास तथा उपयोग सम्बन्धी अन्य कुराह

५८. खारेजी तथा बचाउ: यो नियमावलीका कुनै नियम , उपनियम वा खण्ड प्रचलित संघीय तथा प्रादेशिक कानूनसंग बाझिएको खण्डमा स्वत: खारेज हुनेछन भने नियमावली प्रारम्भ हुनुभन्दा अघिका कानून बमोजिम गरिएका कामकारवाही यस नियमावली अनुसार भए गरेको मानिनेछ ।

अनुसूची–१
(नियम ५ सँग सम्बन्धित)
निवेदन पत्रको ढाँचा

श्री अध्यक्ष ज्यु,
........................जलस्रोत समिति
बोगटान फुडसिल गाउँपालिका, चवराचौतारा, डोटी ।

महोदय,

हामीले ........................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले बोगटान फुड्सिल गाउँपालिकाको जलस्रोत नियमावली **२०७६** को नियम ५ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाइ प्रस्ताव उपभोक्ता संस्थाको एक प्रति विधान र एक सय रुपयाँ दस्तुर सहित दरखास्त दिएका छौँ ।

विवरण

१. उपभोक्ता समितिको नाम :
२. कार्य क्षेत्र:
३. उद्देश्य:
(क)
(ख)
(ग)
४. सदस्यहरुको नाम: ठेगाना पेशा
(क)
(ख)
(ग)
(घ)
(ङ)
(च)
(छ)
५. उपयोग गरिने जलस्रोत विवरण :
(क) जलस्रोतको नाम (चार किल्ला सहित ) भएको ठाउँ:
(ख) जलस्रोतबाट गरिने प्रयोग:
(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिणम
(घ) उक्त जलस्रोतको हाल भै रहेको उपयोग :
६. उपभोक्ता संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरण
(क) सेवाको किसिम:
(ख) सेवा पुर्याउने क्षेत्र :
(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः
(घ) भविष्यमा सेवा विस्तार गर्न सककने सम्भावनाः
७. आर्थिक स्रोतको विवरण :
८. कार्यालयको ठेगानाः

निवेदक,
उपभोक्ता संस्थाको तर्फबाट निवेदन दिनेको
सहीः
नाम :
पद :
ठेगानाः
मिति :

अनुसूची–२

(नियम ८ को उपनियम (१) सँग सम्बन्धित )

बोगटान फुड्सिल गाउँपालिका जलस्रोत समिति

चवराचौतारा, डोटी ।

दर्ता मिति

दर्ता नम्बर मिति...........

<u>उपभोक्ता संस्था दर्ता प्रमाणपत्र</u>

श्री...........................
...........................
...........................

.................(सम्बन्धित उपभोक्ता संस्थाको नाम).....................लाई बोगटान फुड्सिल गाउँपालिकाको जलस्रोत नियमावली, **२०७६** को दफा ८ को उपदफा (१) बमोजिम .......................साल...............महिना..............गते तलकोट गाउँपालिकाको जलस्रोत नियमावली, **२०७६** बमोजिम आफ्नो कार्य सन्चालन गर्ने गराउने गरी देहाय बमोजिम उपयोगका लागि यस कायानलयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

१. उपयोग गरिने जलस्रोत विवरण

(क) जलस्रोतको नाम (चार किल्ला सहित ) भएको ठाउँ:

(ख) जलस्रोत बाट गरिने प्रयोग :

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण

२. उपभोक्ता संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरण

(क) सेवाको किसिम

(ख) सेवा पुर्याउने क्षेत्र

(ग) सेवाबाट लाभान्वीत हुने उपभोक्ताहरुको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सक्ने सम्भावनाः

सही

नाम, थर

पद

अनुसूची–३

(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्रको लागि दरखास्त

मिति...................

श्री अध्यक्ष ज्यु,
बोगटान फुड्सिल गाउँपालिका जलस्रोत समिति,
चवराचौतारा, डोटी ।

जलस्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमति पत्र पाउन बोगटान फुड्सिल गाउँपालिकाको जलस्रोत नियमावली, २०७६ को नियम १३ बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना
२. उद्देश्य
३. सर्वेक्षण गर्ने क्षेत्र
४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु.:

(पुष्ट्याइ विवरण संलग्न गर्नुपर्नेछ ।)
५. सर्वेक्षण गर्ने अवधि
६. अन्य विवरणहरु (बोगटान फुड्सिल गाउँपालिकाको जलस्रोत नियमावली, २०७६ को नियम १३ बमोजिम)
७. माथि उल्लेखित व्यहोरा ठिक साँचो छ झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउला ।

संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको
नाम, थर:
सहीः
पद
ठेगानाः

अनुसूची–४
(नियम १५ सँग सम्बन्धित )
बोगटान फुड्सिल गाउँपालिका
जलस्रोत समिति
चवराचौतारा, डोटी ।

<u>जलस्रोत उपयोगको सर्वेक्षण अनुमती पत्र</u>

अनुमति पत्र संख्याः मिति..............

श्री...................................
.....................................

महाशय,

तपाइलाइ जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोलि बोगटान फुड्सिल गाउँपालिकाको जलस्रोत नियमावली, २०७६ को नियम १५ बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको पुरा ठेगानाः
२. जलस्रोत सर्वेक्षणको उद्देश्य
३. जलस्रोत सर्वेक्षणको क्षेत्र
४. सर्वेक्षण गर्ने अवधि
५. अनुमति पत्र बहाल रहने अवधि

अनुमति पत्र दिने अधिकारीको
नाम
सहीः
पद

अनुसूची–५
(नियम १७ सँग सम्बन्धित )
जलस्रोत उपयोग अनुमति पत्रको लागि दरखास्त

मिति............

श्री अध्यक्ष ज्यु,
बोगटान फुड्सिल गाउँपालिका, जलस्रोत समिति
चवराचौतारा, डोटी ।

जलस्रोत उपयोगको निमित्त अनुमति पाउन जलस्रोत नियमावली, २०७६ को नियम १७ बमोजिम देहायका विवरणहरु समेत खुलाइ यो दरखास्त पेश गरेको छु ।
१. व्यक्ति वा सांगतिनक संस्थाको नाम र ठेगानाः
२. उद्देश्य:
३. उपयोग गर्न खोजेको जलस्रोतको परिमाण र उपयोग गर्ने प्रयोजन
४. प्रस्ताव जलस्रोतको मुहान रहेको (चार किल्ला) र उपयोग गर्ने ठाउँ
५. जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफल
६. प्रस्ताव उपभोगबाट हुनसक्ने सम्भावित लाभ
७. प्रस्ताव सेवाबाट लाभान्वित हुनसक्ने उपभोक्ता संख्याः
८. जलस्रोत उपयोगका लागि लाग्ने अनुमानित रकम र सोको स्रोत
९. जलस्रोत उपयोग गर्ने तरिकाः
१०. जलस्रोतको हाल भएको उपयोग र भविष्यमा हुनसक्ने उपयोग
११. अन्य विवरण

माथि उल्लेखित व्यहोरा ठिक साँचो छ झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउला ।

संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट
दरखास्त दिनेको
नाम, थर:
सहीः
पद
ठेगानाः

अनुसूची–६
(नियम २० सँग सम्बन्धित )
बोगटान फुड्सिल गाउँपालिका
जलस्रोत समिति
चवराचौतारा, डोटी ।

<u>जलस्रोत उपयोगको अनुमतिपत्र</u>

मिति...................

श्री..................................,
...................................

महाशय,

तपाइलाइ जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली बोगटान फुड्सिल गाउँपालिकाको जलस्रोत नियमावली, २०७६ को नियम २० बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठनिक संस्थाको नाम र ठेगानाः
२. जलस्रोत उपयोगको उद्देश्य
३. जलस्रोतको नाम, किसिम र रहेको स्थान (चार किल्ला सहित)
४. उपयोग गर्न पाउने जलस्रोतको परिमाण
५. जलस्रोत उपयोगको क्षेत्र
६. जलस्रोत उपयोग गर्ने तरिकाः
७. प्रस्ताव परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः
८. अनुमति पत्र बहाल रहने अवधि

अनुमति पत्र दिने अधिकारीको
नाम
सहीः
पद

अनुसूची–७

(नियम २४ को उपनियम (२) सँग सम्बन्धित )

बोगटान फुड्सिल गाउँपालिका, जलस्रोत समिति

चवराचौतारा, डोटी ।

<u>जलस्रोत उपयोगको अनुमति पत्र</u>

अनुमति पत्र संख्याः

मिति............

श्री....................................
.....................................

महाशय,

तपाइलाइ ..............................मा दिनु भएको दरखास्त बमोजिम देहायको विवरणहरु खुलाइ जलस्रोत नियमावली, २०७६ को नियम २४ बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ ।

१. जलस्रोत उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको पुरा ठेगानाः

२. जलस्रोत उपयोगसँग सम्बन्धित परियोजनाको नाम र किसिम

(प्रत्येक उपयोग सँग सम्बन्धित)

३. जलस्रोतको नाम र रहेको स्थानाः

४. जलस्रोतको उपयोग भएको स्थानाः

५. जलस्रोत उपयोग भएको परिमाण

प्रदेश......................... जिल्ला................वा गाउँपालिका................

६. उपभोक्ता संख्या र त्यसको किसिम

७. सेवा उपलब्ध गराउन शुरु गरेको मिति

८. अनुमति पत्र बहाल रहने अवधि

९. अन्य शर्तहरु

अनुमति पत्र दिने अधिकारीको
नाम
सहीः
पद

अनुसूची–८

(नियम १३ को उपनियम (२), नियम २५, र २६ को उपदफा (२) सँग सम्बन्धित )

अनुमति पत्र दस्तुर

| जलस्रोत उपयोगको किसिम | दस्तुर |
|---|---|
| क. खानेपानी र घरेलु उपयोग | रु.१००।– |
| ख. सिंचाइ | रु.२००।– |
| ग. पशुपालन तथा मत्स्यपालन जस्ता कृषीजन्य उपयोग | रु.१००।– |
| घ. घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग | रु.२००।– |
| ङ. जलयातायात | रु.५००।– |
| च. आमोद प्रमोदजन्य उपयोग | रु.५००।– |
| छ. अन्य उपयोग | रु.५००।– |

अनुसूची–९

(नियम ३५ (२) सँग सम्बन्धित )

जलस्रोत उपयोग वापत बुझाउनु पर्ने वार्षिक शुल्क

**१. सिंचाईको हकमा**

| | |
|---|---|
| क. दुइहजार हेक्टरसम्मको जमीन सिंचाइ गर्न प्रति हेक्टर रु. का दरले अधिकतम | रु.१०००।– |
| ख. दुइहजार देखि पाँचहजार हेक्टर सम्मको जमीन सिंचाइ गर्न | रु.२०००।– |
| ग. पाँचहजार देखि दशहजार हेक्टर सम्मको जमीन सिंचाइ गर्न | रु.५०००।– |
| घ. दश हजार देखि पन्ध्र हजार हेक्टर सम्मको जमीन सिंचाइ गर्न | रु.१००००।– |
| ङ. पन्ध्र हजार देखि बीस हजार हेक्टर सम्मको जमीन सिंचाइ गर्न | रु.१५०००।– |
| च. बीस हजार देखि पच्चीस हजार हेक्टर सम्मको जमीन सिंचाइ गर्न | रु.२००००।– |
| छ. पच्चीस हजार हेक्टर भन्दा माथिको जमीन सिंचाइ गर्न | रु.२५०००।– |

२. **खानेपानीको हकमा**

| | |
|---|---|
| क. दुइहजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न | रु.५००।– |
| ख. दुइहजार देखि पाँचहजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न | रु.२०००।– |
| ग. पाँचहजार देखि दशहजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न | रु.५०००।– |
| घ. दश हजार देखि पन्ध्र हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न | रु.१००००।– |
| ङ. पन्ध्र हजार देखि बीस हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न | रु.१५०००।– |
| च. बीस हजार देखि पच्चीस हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न | रु.२००००।– |
| छ.पच्चीस हजार भन्दा माथीको सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न | रु.२५०००।- |

३. कृषिजन्य उपभोगका लागि रु. २०००।- देखि रु.२० हजार सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

४. घरेलु उद्योगको लागि रु. २०००।- देखि रु.२०००० सम्म पानी प्रयोगको परिमाणको आधारमा

५. औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु. ५०००।- देखि रु. ५०००० सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

६. अमोद प्रमोदजन्य प्रयोगका लागि रु. १०००।- देखि रु.१०००० सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

७. अन्य प्रयोगका लागि रु. ५०००।- देखि रु.१०००० सम्म वार्षिक कारोबारका आधारमा ।

अनुसूची–१०
(नियम ४६ सँग सम्बन्धित )
जग्गा उपभोग वा प्राप्तिका लागि दरखास्त

मिति...................

श्रीमान अध्यक्ष्यज्यू,

जलस्रोत समिति, बोगटान  फुड्सिल गाउँपालिका,
चवराचौतारा,  डोटी  ।

महोदय,

जलस्रोतको उपयोगको सिलसिलामा निर्माण कार्य शुरु गर्नको लागि तपशिलमा उल्लेखित घरजग्गा उपयोग गर्नपर्ने वा प्राप्त गर्नुपर्ने भएकोले नियमानुसार उपयोग गर्न पाउने गरी वा प्राप्त गराई पाउन यो दरखास्त पेश गरेको छु ।

तपशिल
१. आवश्यक जग्गाको चार किल्ला खुल्ने विवरण
२. जग्गाको स्वामित्व खुल्ने प्रमाण कागजात तथा सम्बन्धित वडा कार्यालयको सिफारिस
३. जग्गाको उपयोग प्रयोजन खुल्ने कागजात

संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित  संस्थाको
तर्फबाट दरखास्त दिनेको
नाम, थर :
सहीः
पद
ठेगानाः

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत
बोगटान फुडसिल गाउपालिका
डोटी